# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १३ गते ०८ साल

## भाग ३

## सूचना

नेपाल चारभंज्याङभित्र पैठारी भइरहेको कोटाको कपडा पूरा मात्रामा नभए तापनि विशेष नभई नहुने खाँचोके टार्नालाई हाल जनही १२ गजका दरले सर्वसाधारण जनताको सुगमताको साथ पाउन् भन्ना खातिर विनाकूपनबाट लिन पाउने गरी निम्न लिखित पसलहरूबाट बिक्री वितरणको बन्दोबस्त मिलाई रिटेलरको पसल कायम भएकोले सूचना गर्ने काम भएको छ। अतएव जनताहरूले पनि आफूलाई चाहिंदो मात्र जनही १२ गजमा नबढाई लिनुहोला भन्ने अपीलको साथसाथै चेतावनी पनि दिइन्छ कि त्यस्तो १२ गजका दरले मात्र पाउने कपडा सरकारको मनसायविरुद्ध नाजायज तरिकाबाट १२ गजभन्दा बढी कपडा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाउँ ठाउँबाट खरीद गरी ब्ल्याक माकट गरेको ठहरिएमा त्यस्ता व्यक्तिलाई कडा सजाय दिइनेछ । औ जनताहरुले लिखित पसलहरुमा कोटाको कपडा खरीद गर्न जाँदा कोटाको कपडा भइकन पनि कपडा दिएन भने तुरुन्त नजिक पुलीस-चौकीमा ठानामा जाहेर गर्न जानुहोला । कायम हुँदै गएको रिटेलरको पसलको सूचना पछिपछि पनि प्रकाश हुँदै गर्छ ।

| पसलेको नाम थर वतन | लाइसेन्स नं. | पसल रहेको ठाउँ | ब्लकनं. | पसलको कवल |
|---|---|---|---|---|
| रामप्रसाद जयरामदास जुद्धसडक | २४० | जुद्धसडक | ६।३३ | ६ |
| मङ्गलचन विश्वेश्वरलाल माडवारी | २४१ | ऐ. | ६।४० | ५ |
| बक्सीराम नर्सिङ्गदीश माडवारी | २४२ | ऐ. | ६।३६ | ३ |
| कृष्णदास हरिदास | ३ | ऐ. | ६।६०९ | ३ |
| केशवप्रसाद उपाध्याय | १५६ | ऐ. | ६।५९८ | २ |
| गोपीनाथ केदारप्रसाद | २५३ | ऐ. | ६।५९८ | २ |
| रामेश्वरलाल द्वारिकाप्रसाद | १५० | ऐ. | ६।६१३ | ३ |
| सूर्यप्रसाद कपिलदेव | २२६ | ऐ. | ६।६१३ | ४ |
| मुररिलाल माडवारी | २५४ | ऐ. | ६।६१२ | २ |
| अर्जुनदास देवीपाल माडवारी | ४७४ | ऐ. | ६।६१३ | ३ |
| घनश्यामदास बजरङ्गलाल माडवारी | ४१६ | ऐ. | ६।६०६ | ५ |
| नागरमल माडवारी | २१० | ऐ. | ६।५९६ | ४ |
| बाबुकृष्ण अधिकारी | २५१ | ऐ. | ६।५९८ | ३ |
| श्रीनरराज शर्मा जुद्धसडक | ६०८ | ऐ. | ६। १६ | ५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| महावीर मदन माडवारी जुद्धसडक | २३६ | ऐ. | ६।६०६ | ५ |
| हरभजराय हरद्वारीमल ऐ. | ३०६ | ऐ. | ६। | ३ |
| शिवनारायण कृष्णनारायण माडवारी | ३५१ | ऐ. | ६।६१० | २ |
| श्रीउमथिकृष्णप्रसाद विन्दाप्रसाद | ४८६ | ऐ. | ६।६२५ | ३ |
| श्रीलक्ष्मीराम राधाकृष्ण रौनियार | २३७ | ऐ. | ६।६२५ | मटनतला |
| श्रीहीरानन्दप्रसाद रौनियार इन्द्रचोक | ४६४ | ४७इन्द्रचोक | ६।६२५ | ऐ. |
| रत्नमान श्रेष्ठ इन्द्रचोक | | ऐ. | ६।६०० | ५ |
| बृजलाल गजानन्द माडवारी इन्द्रचोक | ५०० | ऐ. | ६।६२५ | मटनतला |
| श्रीसुखराम बाबुराम माडवारी | ४४६ | ऐ. | ६।६२५ | ३ |
| श्रीमहादेवराम गणेशराम इन्द्रचोक | २२४ | ऐ. | ६।६२५ | २ |
| श्रीरामभक्त प्रेममान श्रेष्ठ | ६५ | क्षत्रपाटी | ६।६६४ | २ |

का. मु. डाइरेक्टर
सिभिल सप्लाइज विभाग.

# सूचना

चारभन्ज्यांगभित्रका कुनै ईम्पोर्टरहरूले पनि यस विभागबाट ईजाजत पाएका खुद्रे बिक्रेताहरूलाई कपडा बिक्री गर्दा सिभिल सप्लाइज विभागको हरएक कपडाको थानको गजैपिच्छे छाप नलागेको कपडा बिक्री गरी दिन पाउनेछैन । सो छाप लगाउना निमित्त सिभिल सप्लाइज विभागबाट डोर खटिई आएकोछ। सो डोर आई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

छाप लगाउन आएमा तुरुन्त छाप लगाउन पाउने गरी कपडाहरू ठिक पारी राख्नू, औ रिटेलरले पनि उपरोक्त लेखिएबमोजिमको छाप नलगाएको कपडा ल्याउन हुँदैन।

डाईरेक्टर
सिभिल सप्लाइज विभाग

## विज्ञप्ति

नेपाल भरमुलुकका नागरिकहरू समेतले २००७ साल फाल्गुन ७ गतेदेखि यस मन्त्रालयबाट रिटेलरबाहेकले कुनै किसिमको व्यापार विषय कुनै किसिमका अधिकारपत्र, प्रमाणपत्र, सिफारिसपत्र एग्रीमेन्ट गरी सरकारबाट इजाजत पाई उपभोग गरी आएको छ वा पाछि गर्न सक्ने भएको छ भने यो सूचना प्रकाश भएको मितिले सदरकाले ७ दिनभित्र र मध्येश पहाड वा विदेशकाले १ महीनाभित्र सो कागजहरू नक्कलसहित यस मन्त्रालयमा दाखिल गर्ने काम गनुहोला । मन्त्रालयबाट जाँची बुझी सक्कल फिर्ता गरिनेछ । सो म्यादभित्र दाखिल गर्न नल्याए एक उक्त पत्रका इजाजतले गरेको काम कारवाईहरू यस मन्त्रालयबाट मन्जुरी गरिनेछैन ।

उद्योग तथा वाणिज्यमन्त्रालय

## विज्ञप्ति

०८।११।८

सदर भन्सार गोस्वाराबाट दरदाम ठेकिई वितरणका निमित्त आएको कन्ट्रोलको कपडा ईम्पोर्टर्सहरूले खुद्रे व्यापारीहरूलाई दिनुभन्दा अगाडि सिभिल सप्लाइज विभागको अनुमतिपत्र लिनुपर्छ र ईजाजत पाएका खुद्रे बिक्रेताहरूले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।